नेपाल सरकार
# भौतिक योजना तथा निर्माण मन्त्रालय
## खानेपानी तथा सरसफाइ महाशाखा

URL : www.moppw.gov.n
email : info@moppw.gov.
फोन नं. ४२२७२८०, ४२२८९३१, ४२२८२८५
फ्याक्स नं. ४२२८४२०
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्रसंख्या :२०६४/०६५ (प्र.क.)
च.नं. : 399

मितिः-२०६४/१२/२०

File
११८
२०६४/१२/२०

विषयः:- "खानेपानी महसुल निर्धारण आयोग नियमावली २०६४" स्वीकृत प्रतिलिपि पठाईएको वारे ।

श्री खानेपानी महसुल निर्धारण आयोग
काठमाण्डौ ।

उपरोक्त सम्वन्धमा खानेपानी महसुल निर्धारण आयोगवाट स्वीकृतिको लागि पेश हुन आएको "खानेपानी महसुल निर्धारण आयोग नियमावली २०६४" यस मन्त्रालयको मिति २०६४।१२।१८ को मा. मन्त्री स्तरिय निर्णयानुसार स्वीकृत भएको हुँदा उक्त स्वीकृत नियमावलीको प्रमाणित प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ। साथै उक्त स्वीकृत नियमावली श्री अर्थ मन्त्रालयमा जानकारीको लागि पठाइएको व्यहोरा समेत अनुरोध छ ।

१२।२०
(बर्म लाल राजभण्डारी)
ईन्जिनियर

# खानेपानी महसुल निर्धारण आयोग नियमावली, २०६४

नेपाल सरकारबाट स्वीकृत मिति : २०६४।...।...

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी खानेपानी महसुल निर्धारण आयोगले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "खानेपानी महसुल निर्धारण आयोग नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "उजुरी" भन्नाले ऐनको दफा १७ वा १८ बमोजिम कारवाही हुनसक्ने निवेदन वा उजुरी सम्झनु पर्छ ।

(ग) "लेखा प्रमुख" भन्नाले आयोगको लेखा सम्बन्धी काम हेर्ने मुख्य कर्मचारी सम्झनु पर्छ ।

(घ) "कर्मचारी" भन्नाले आयोगको सेवामा स्थायी, करार वा काजमा रहेका कर्मचारी सम्झनु पर्छ ।

(ङ) "सम्वन्धित निकाय" भन्नाले पानी सरसफाई, गुणस्तर मापदण्ड वा वातावरणसँग सम्वन्धित निकायलाई सम्झनु पर्छ ।

(च) "सेवा प्रदायक" भन्नाले प्राकृतिक श्रोतको पानीलाई संकलन गरी प्रशोधन गर्ने, बिक्री गर्ने, वा ब्यापारिक प्रयोजनको लागि उपभोग गर्ने वा सरसफाई सम्वन्धी काम गर्ने कुनैपनि ब्यक्ति, संघ, संस्था, कम्पनी, फर्म वा सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## आयोगको काम, कर्तव्य र अधिकार तथा बैठक

३. **आयोगको काम, कर्तव्य र अधिकार** : ऐनको दफा ६ मा उल्लिखित काम, कर्त्तव्यको अधिनमा रही आयोगले देहाय बमोजिम कार्य गर्न सक्नेछ :-

(क) सेवा प्रदायकले सेवा उपलब्ध गराए वापत उपभोक्ताहरुसँग लिने प्रस्तावित महसुल निर्धारणको निर्णय गर्ने, विद्यमान महसुल तथा अन्य दै-दस्तुरको पुनरावलोकन गरी निर्णय गर्ने,

(ख) आयोगको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) ऐनको दफा १९ बमोजिमको विशेष कोषबाट असमर्थ उपभोक्तालाई अनुदान उपलब्ध गराउने सम्बन्धमा मापदण्ड स्वीकृत गर्ने,

(घ) आयोगको साङ्गठनिक संरचना तथा कर्मचारीको व्यवस्था गर्ने,

(ङ) सेवाको अनुगमनको क्रममा सम्बन्धित उपभोक्तालाई जानकारी दिई उपभोक्ताको घर कम्पाउण्डमा प्रवेश गरी सेवाको परीक्षण वा अनुगमन गर्ने, गराउने,

(च) सेवाको सम्वन्धमा सम्वन्धित निकायले निर्धारण गरेको गुणस्तर कायम गर्नको लागि सेवा प्रदायकलाई निर्देशन दिने,

(छ) आयोगद्धारा जारी गरिएको निर्देशन कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक मापदण्ड लगायत तोक्ने र यिनको अवलम्वन भए नभएको अनुगमन गर्ने गराउने साथै अवलम्वन नभएको पाईएमा आर्थिक जरिवाना लगायतका उपयुक्त कारवाही गर्ने,

(ज) वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी फोहोर पदार्थको निष्काशन, प्रशोधन तथा शुद्धिकरण गर्ने गराउने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) सेवा प्रदायक भित्र पर्ने खानेपानी सेवा वा सरसफाई सेवासँग सम्बन्धित व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्थालाई सूचना जारी गरी सेवा प्रदायकको सूची तयार गर्ने,

(ञ) ऐन तथा यस नियमावलीको उद्देश्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक निर्देशिकाहरु तर्जुमा गरी लागू गर्ने ।

(ट) आयोगको उद्देश्य प्राप्तिको लागि अन्य आवश्यक काम गर्ने ।

४. **बैठकको कार्यविधि** : (१) आयोगको सचिवले आयोगको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना कम्तीमा तीन दिन अगावै आयोगका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । तर छलफलको बिषय वा प्रकृतिको गाम्भिरताको आधारमा अध्यक्षले तत्काल बैठक बोलाउन यस प्रावधानले बाधा पुऱ्याएको मानिनेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैठकको सूचनामा छलफलको विषय भनी उल्लेख नभए पनि बैठकमा उपस्थित अध्यक्ष वा सदस्यहरु सहमत भएमा छलफलका बिषयहरु थप हुन सक्नेछन् । त्यस्तो पछि थप भएका बिषयहरुमा समेत आवश्यकता अनुसार बैठकमा छलफल तथा निर्णय गर्न सकिनेछ ।

(३) ऐनको दफा ७ को उपदफा (३) बमोजिम आयोगको सदस्यहरुको मागको आधारमा बोलाईने बैठकको हकमा नियम ४ को उपनियम (२) लागू हुनेछैन ।

## परिच्छेद-३

## महसुल निर्धारण तथा उजुरी सम्बन्धी व्यवस्था

५. **महसुल अनुमोदन वा निर्धारण गर्न निवेदन दिने:** (१) ऐनको दफा १० को उपदफा (१) अन्तर्गत महसुल निर्धारणको लागि तोकिएका पूर्वाधार किटान गर्दा ऐनले तोकेको कुन कुन आधारमा महसुल निर्धारण भएको हो, आयोगले आफ्नो निर्णयमा आधार कारण खोली निर्णय गर्नुपर्ने छ । ऐनको दफा १० को उपदफा (२) बमोजिम मूल्य निर्धारण भएको भन्ने जानकारीको लागि त्यस्तो निर्णय नेपाल सरकार तथा सम्वद्ध पक्षलाई लिखित रुपमा पठाउनु पर्नेछ । त्यस्तो निर्णय सर्बसाधारणको जानकारीको लागि सार्वजनिक सञ्चार माध्यमबाट समेत प्रकाशन वा प्रसारण गर्नुपर्ने छ ।

(२) सेवा प्रदायकले सेवाको महसुल अनुमोदन वा निर्धारणको लागि ऐनको दफा ११ बमोजिमको बिवरण तथा आफूले उपलब्ध गराउने सेवाको गुणस्तर सम्वन्धी बिवरण समेत खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिंदा ऐनको दफा ११ मा उल्लेखित कुराहरुको अतिरिक्त त्यस्तो निवेदनका साथमा देहायका कुराहरु समेत संलग्न गर्नुपर्नेछ ।

(क) प्रस्तावित महसुल दरलाई पुष्टि गर्ने आधार सहितको आर्थिक विश्लेषण,

(ख) महसुल दरमा गरिएको परिवर्तनबाट उपभोक्तामा पर्न सक्ने थप आर्थिक भारको तुलनात्मक बिवरण,

(ग) एकमुष्ट पानी खरीद गर्ने सम्वन्धमा महसुल दर प्रस्ताव गरिएको भए एकमुष्ट पानी खरीदको महसुल दर र साधारण उपभोक्तासँग लिइने फरक महसुल दरमा फरक पर्ने आधारहरु,

(घ) आयोगले आवश्यक ठहऱ्याएका अन्य कागजातहरु ।

(४) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर आयोगले जाँचबुझ गर्दा निवेदन साथ पेश गर्नुपर्ने कागजात वा विवरण पेश गरेको नपाइएमा वा कुनै खास कागजात वा विवरण पेश गर्नुपर्ने देखिएमा त्यस्तो कागजात वा विवरण पेश गर्न आयोगले निवेदकलाई सात दिनको अवधि दिनेछ ।

(५) महसुल अनुमोदन वा निर्धारणको लागि आवश्यक सम्पूर्ण कागजात सेवा प्रदायकले आयोगलाई उपलब्ध गराएको ६० (साठी) दिन भित्र आयोगले आफ्नो निर्णय दिनेछ ।

६. **सार्वजनिक सूचना प्रकाशन गर्ने** : (१) ऐनको दफा १३ बमोजिम महसुल निर्धारण गर्नु अघि प्रस्तावित महसुलको सम्बन्धमा कसैको कुनै सुझाव वा प्रतिक्रिया भए उपलब्ध गराई दिन आह्वान गरी ऐनको दफा १४ अन्तर्गत राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशन गरिने सूचनामा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) महसुल अनुमोदन वा निर्धारणको लागि निवेदन दिने सेवा प्रदायकको नाम र ठेगाना,

(ख) सेवा प्रदायकले प्रस्ताव गरेको महसुलको विवरण,

(ग) सेवा प्रदायकले उपलब्ध गराउने सेवाको गुणस्तर,

(घ) सेवा प्रदायकले प्रस्ताव गरेको महसुल दरमा आयोगले संशोधन गरी महसुल दर प्रस्ताव गरेको भए सो को विवरण,

(ङ) महसुल दरका सम्बन्धमा सुझाब वा प्रतिक्रिया उपलब्ध गराउने ठेगाना र माध्यम,

(च) सुझाब वा प्रतिक्रिया उपलब्ध गराई सक्नु पर्ने अवधि,

(छ) उपभोक्ताले प्रति महिना बुझाउनु पर्ने प्रस्तावित न्यूनतम महसुलको रकम,

(ज) आयोगले उपयुक्त ठानेको अन्य विवरण ।

(३) आयोगले महसुल अनुमोदन वा निर्धारण गरिसकेपछि ऐनको दफा १४ बमोजिम प्रकाशन गर्ने सूचनामा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) नयाँ महसुल दरको विवरण र सो निर्धारण गर्दा लिइएका मुख्य मुख्य आधारहरु,

(ख) नयाँ महसुल दर लागू हुने मिति,

(ग) उपभोक्ताले प्रति महिना बुझाउनु पर्ने न्यूनतम महसुलको रकम,

(घ) आयोगले आवश्यक ठानेका अन्य विवरण ।

(४) तर यस नियमावली लागू हुनुभन्दा अगावै कुनै सेवा प्रदायकले कुनै निकायबाट निर्णय गराई महसुल दर उपभोक्ताबाट असूल उपर गरिरहेको अवस्थामा त्यस्तो दररेटको पुनः आयोगबाट समर्थन गराई माग्नु पर्नेछ । त्यस्तो अवस्थामा उपरोक्त उपदफा (२) र (३) को प्रकृया पालना गर्नुपर्ने छैन ।

७. **महसुल निर्धारण सम्बन्धी मापदण्ड तथा विधि**: ऐन तथा यो नियमावलीको अतिरिक्त महसुल निर्धारण गर्दा अपनाइने अन्य मापदण्ड तथा विधि आयोगले आधार र कारण खुलाई निर्धारण गरे बमोजिम हुनेछ ।

८. **सेवा प्रदायकबाट शुल्क लिन पाउने** : (१) ऐनको दफा १६ ले तोके बमोजिम खानेपानी सेवाका उपभोक्ताबाट सेवा प्रदायकले लिने महसुलको अधिकतम दुई प्रतिशत भन्दा बढी नहुने गरी आयोगले त्यस्तो सेवा प्रदायकसँग प्रत्येक आर्थिक बर्षमा शुल्क लगाई उठाउनेछ ।

(२) सेवा प्रदायकले कुनै व्यक्तिलाई खानेपानी वा सरसफाई सेवाको लागि एकमुष्ट पानी (बल्क वाटर) बिक्री गर्नको लागि आयोगबाट स्वीकृत बिक्री मूल्यको अधिकतम दुई प्रतिशतसम्म हुन आउने रकम आयोगले त्यस्तो एकमुष्ट पानी (बल्क वाटर) बिक्रेताबाट प्रतिबर्ष शुल्कको रुपमा उठाउनेछ ।

(३) सरसफाई सेवाका उपभोक्ताबाट सेवा प्रदायकले लिने महसुल रकममा आयोगले त्यस्तो महसुलको अधिकतम दुई प्रतिशतसम्म हुन आउने रकम प्रत्येक आर्थिक बर्षमा शुल्कको रुपमा सेवा प्रदायकबाट उठाउनेछ ।

(४) उपनियम (१), (२) वा (३) बमोजिम आयोगले असुल गर्ने शुल्कको रकम सेवा प्रदायकले तीन/ तीन महिनामा प्रत्येक आर्थिक बर्षमा किस्ता गरी आयोगमा वा आयोगले तोकिदिएको बैंकमा आयोगको खातामा जम्मा गरिदिनु पर्नेछ ।

९. **सेवा प्रदायकलाई जानकारी गराउने** : (१) सेवा प्रदायकले सेवा प्रदान गर्ने अनुमति-पत्र वा सेवाको सम्वन्धमा सम्वन्धित निकायबाट निर्धारित मापदण्ड अनुरुपको सेवा उपलब्ध नगराएकोमा त्यस्तो सेवा उपर चित्तनबुझ्ने उपभोक्ताले सो को कारण खोली सेवा प्रदायकबाट सेवामा के कस्तो सुधार वा व्यवस्था गर्नुपर्ने हो सो समेत उल्लेख गरी सम्बन्धित सेवा प्रदायकलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको जानकारीको सम्बन्धमा सेवा प्रदायकले आवश्यक जाँचबुझ गरी त्यस्तो जानकारी गराउने उपभोक्तालाई जानकारी पाएको सातदिनभित्र सो विषयमा सेवा प्रदायकले सुधारका काम कारवाहीका बारेमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।



63

१०. **आयोगमा उजुरी दिन सक्ने** : (१) ऐनको दफा १७ अन्तर्गत नियम ९ बमोजिम जानकारी गराएको विषयमा सेवा प्रदायकले सम्बन्धित उपभोक्तालाई जानकारी नदिएमा वा दिएको जानकारी सन्तोषप्रद नभएमा उपभोक्ताले त्यस्तो सेवा प्रदायकको विरुद्धमा आयोग समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी दिंदा अनुसूची-२ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११. **उजुरी उपर जाँचबुझ र आदेश** : (१) नियम १० बमोजिम पर्न आएको उजुरी उपर आयोगले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा उजुरीकर्ताले सेवा प्रदायकबाट सन्तोषप्रद उपचार प्राप्त गर्न नसकेको भन्ने कुरामा आयोग विश्वस्त भएमा उजुरीकर्ता र सेवा प्रदायक समेतलाई आयोगमा झिकाई दुवै पक्षलाई आ-आफ्नो कुराहरु आयोग समक्ष राख्ने अवसर प्रदान गर्नेछ ।

(३) आयोगले आफू समक्ष पर्न आएको उजुरीको सम्बन्धमा आवश्यकता अनुसार सर्म्बान्धित सेवा प्रदायकले प्रदान गरेको सेवाको अवलोकन गर्न वा सेवाको गुणस्तर समेत जाँच गर्न सक्नेछ ।

(४) आयोगले उपनियम (१), (२) वा (३) बमोजिम जाँचबुझ गर्दा सेवा प्रदायकले सेवाको सम्वन्धमा सम्वन्धित निकायबाट निर्धारित मापदण्ड वा सेवा प्रदान गर्ने अनुमति-पत्र दिंदाको अवस्थामा तोकिएकोस्तर अनुरुपको सेवा उपलब्ध गराएको नदेखिएमा त्यस्तो सेवा प्रदायकले प्रदान गरेको सेवाको स्तर सुधार गर्नुपर्ने समयावधि समेत किटान गरी सम्बन्धित सेवा प्रदायकलाई आदेश दिनेछ ।

१२. **सुनुवाइको अवसर प्रदान गर्ने** : (१) आयोगले सेवा प्रदायक वा कुनै उपभोक्तालाई ऐनको दफा १८ बमोजिम सजाय गर्नुअघि निजले गरेको कसुर र सो वापत हुने सजाय प्रस्ताव गरी सम्बन्धित सेवा प्रदायक वा उपभोक्तालाई लिखित प्रतिवाद गर्ने, सवुद प्रमाण पेश गर्ने तथा आफ्नो तर्फबाट प्रतिरक्षा गर्न सात दिनको म्याद दिनेछ । त्यस्तो तोकिएको म्यादमा उपस्थित हुन नसकेको कारण खोली निवेदन दिएमा आयोगले थप पन्ध्र दिनसम्मको म्याद थामी दिन सक्नेछ ।

(२) सम्बन्धित सेवा प्रदायक वा उपभोक्ताले उपनियम (१) बमोजिमको म्याद भित्र आफ्नो भनाई वा प्रमाण पेश नगरेमा वा पेश गरेको प्रतिवाद वा प्रमाणमा आयोग सन्तुष्ट नभएमा त्यस्तो सेवा प्रदायक वा उपभोक्तालाई ऐनको दफा १८ बमोजिम सजाय गर्ने आदेश दिनेछ ।

(३) दफा १८ अन्तर्गत आयोगले गरेको सजायमा चित्त नबुझ्ने पक्षले ऐनको दफा १८ को उपदफा (४) अन्तर्गत सजायको सूचना वा जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सर्म्बान्धित प्रादेशिक क्षेत्रको पुनरावेदन अदालतमा पुनरावेदनपत्र प्रस्तुत गर्न सक्नेछ ।

(४) सेवा प्रदायकबाट प्रदान गरिएको सेवाबाट सार्वजनिक हित वा जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएमा त्यस्तो सेवा प्रदायकको सेवालाई बन्द गराउने वा कालोसूचीमा राख्न सकिनेछ ।

१३. **उजुरी, सुनुवाई वा आदेश सम्बन्धी अन्य कार्यविधि र व्यवस्था** : प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक आयोग समक्ष दिईने उजुरी, सुनुवाई तथा आयोगले गर्ने आदेश सम्वन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## महसुल पुनरावलोकन सम्बन्धी व्यवस्था

१४. **महसुल पुनरावलोकन आयोगको बैठक सम्बन्धी व्यवस्था** : (१) महसुल पुनरावलोकन आयोगको बैठक सो आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) महसुल पुनरावलोकन आयोगको सचिवले सो आयोगको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना आयोगका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । तर महसुल पुनरावलोकन आयोगको बैठक तत्काल बस्न आवश्यक भएमा अल्प सूचनाको आधारमा पनि बैठक बस्न सक्नेछ ।

(३) महसुल पुनरावलोकन आयोगको अध्यक्ष लगायत अर्को एकजना सदस्य उपस्थित भै ऐनले तोकेको गणपूरक संख्या पुगेमा बैठक बस्न कुनै वाधा पर्नेछैन ।

(४) महसुल पुनरावलोकन आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ । बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) महसुल पुनरावलोकन आयोगको बैठक तथा बैठकको निर्णय सम्बन्धी अन्य व्यवस्था सो आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **महसुल पुनरावलोकनको लागि निवेदन** : (१) सेवा प्रदायकले आयोगले निर्धारण गरेको महसुल उपर चित्त नबुझेमा पुनरावलोकनको लागि आयोगको निर्णय प्राप्त भएको मितिले पन्ध्र दिन भित्र भौतिक योजना तथा निर्माण मन्त्रालय समक्ष अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) त्यस्तो निवेदनको साथमा आयोग समक्ष पेश गरेको सम्पूर्ण कागजात, आयोगबाट भएको पत्राचार र आयोगको निर्णय पनि समावेश गर्नुपर्नेछ ।

१६. **महसुल पुनरावलोकन गर्नुअघि सार्वजनिक सुनुवाई गर्ने:** (१) महसुल पुनरावलोकन आयोगले ऐनको दफा १५ को उपदफा (३) बमोजिम महसुल पुनरावलोकन गर्दा महसुल पुनरावलोकनको लागि उठाइएका विषय, आधार, कारण तथा आयोगले महसुल निर्धारण गर्दा सो आयोगले लिएका आधार समेतका विषयमा निवेदक र आयोगसँग छलफल गर्न सक्नेछ ।

(२) महसुल पुनरावलोकन गर्नुअघि महसुल पुनरावलोकन आयोगले त्यस्तो महसुलको सम्बन्धमा सेवा प्रदायक, आयोगका पदाधिकारी तथा उपभोक्ताहरुको समेत सहभागिता रहने गरी सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सार्वजनिक सुनुवाई गर्दा महसुल पुनरावलोकन आयोगले सार्वजनिक सुनुवाई हुने दिन, समय र स्थान खुलाई सो विषयमा आफ्नो कुनै सुझाव वा प्रतिकृया भए सो सहित सर्वसाधारण सबैलाई सुनुवाइमा सहभागी हुनको लागि कम्तीमा सात दिन अगावै सार्वजनिक सञ्चारका माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गराउनु पर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिमको छलफल र सार्वजनिक सुनुवाई पश्चात त्यस्तो छलफल र सुनुवाइबाट प्राप्त हुन आएका सुझावबहरु समेतलाई विचार गरी महसुल पुनरावलोकन आयोगले उजुरी दर्ता मितिले पैतालीस दिनभित्र महसुल पुनरावलोकन गर्नेछ र त्यसरी पुनरावलोकन गरिएको महसुलको बारेमा सर्वसाधारणको जानकारीको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## आयोगका अध्यक्षको काम, कर्त्तब्य र अधिकार

१७. **अध्यक्षको काम, कर्त्तब्य र अधिकार:** (१) आयोगको प्रशासनिक प्रमुखको रुपमा काम गर्ने,

(२) आयोगको बैठकको अध्यक्षता गर्ने,

(३) बैठकमा छलफल गरिने बिषयहरुको सूची निर्धारण गर्ने साथै प्राथमिकताक्रम समेत निर्धारण गर्ने,

(४) आयोगलाई आवश्यक कर्मचारी दरवन्दी स्वीकृतिको लागि बैठकमा पेश गर्ने,

(५) आयोगको वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी बैठकमा पेश गर्ने,

(६) आयोगको वार्षिक आय, व्यय तथा पूरक आय व्यय विवरण तयार गरी बैठक समक्ष पेश

(७) सेवा प्रदायकबाट गरिने कामको समय, समयमा अनुगमन, सुझाव तथा निर्देशन दिने,

(८) आयोगको कोषको रेखदेख तथा नियन्त्रण गर्ने,

(९) आयोगको काम, कारवाही ब्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने, गराउने,

(१०) आयोग र नेपाल सरकार तथा अन्य संघ, संस्था बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(११) स्वीकृत बजेट भित्रको पूंजीगत तथा साधारण खर्चको स्वीकृति तथा भुक्तानी दिने,

(१२) ऐन वा यस नियमावली बमोजिम आयोगबाट प्रत्यायोजित अन्य काम गर्ने, गराउने ।

(१३) अध्यक्षको हैसियतले गर्ने अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद-६

## आयोगका पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा

१८. **अध्यक्षको पारिश्रमिक तथा सुविधा:** आयोगको अध्यक्षको पारिश्रमिक तथा सुविधा नेपाल सरकारको राज्यमन्त्री सरह हुनेछ ।

१९. **महसुल पुनरावलोकन आयोगका अध्यक्ष तथा सदस्यको पारिश्रमिक तथा सुविधा:** महसुल पुनरावलोकन आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमंश: पुनरावेदन अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशले पाइरहेको पारिश्रमिक तथा सुविधा भन्दा कम नहुने गरी त्यस्तो आयोग गठन गर्दा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

२०. **बैठक भत्ता** : (१) आयोगका अध्यक्ष तथा सदस्यले आयोगको बैठकमा भाग लिए वापत प्रति बैठक तीन हजार रुपैयाँका दरले बैठक भत्ता पाउनेछन् ।

(२) उपनियम (१) बमोजिमको बैठक भत्ता आयोगको बैठकमा भाग लिने आमन्त्रित विशेषज्ञ वा प्रतिनिधिले समेत पाउनेछन् ।

२१. **आयोगका सदस्यहरुले पाउने अन्य सुविधा** : (१) आयोगको कामको सिलसिलामा नेपालभित्र वा विदेशको भ्रमणमा जाँदा सदस्यले नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(२) आयोगका सदस्यले प्रतिमहिना पचास लिटर पेट्रोल वा डिजल र पत्रपत्रिका तथा टेलिफोन सुविधा वापत प्रतिमहिना एकमुष्ट दुईहजार रुपैँयाँ पाउनेछन् ।

## परिच्छेद-७
## विवाद समाधान सम्वन्धि व्यवस्था

४३. **विवाद समाधान गर्ने**: (१) सेवा प्रदायक र उपभोक्ता बीच वा एक भन्दा बढी सेवा प्रदायक बीच वा प्रचलित कानून बमोजिम सेवा प्रदान गर्न अनुमतिपत्र दिने निकाय र सेवा प्रदायक बीच सेवा तथा महसुलको सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा सो विवादका कारण मर्का पर्ने पक्ष वा सम्वन्धित पक्षले सो विवाद समाधानका लागि आयोग समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा अध्यक्षले सात दिनभित्र विवादको अर्को पक्षसंग प्रतिक्रिया माग गरी आवश्यक छानवीन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम छानवीन गर्दा विवादका सम्वन्धित पक्षलाई छलफल गराई विवाद समाधान हुन सक्ने देखिएमा अध्यक्षले विवादका सम्वन्धित पक्षलाई आफू समक्ष उपस्थित गराई आपसी सहमतीबाट विवाद समाधान गराउने पयास गर्नेछ ।

(४) उपनियम (३) बमोजिम विवाद समाधान गर्नको लागि आयोगले आवश्यकता अनुसार सहजकर्ता वा मेलमिलापकर्ताको भूमिका निर्वाह गर्नेछ ।

(५) वार्ता वा सेलमिलापबाट विवाद समाधान हुन नसकेमा आयोगले देहाय बमोजिमका सदस्यहरु रहेको एक विवाद समाधान समिति गठन गर्न सक्नेछः-

(क) आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य -अध्यक्ष

(ख) विवादसँग सम्बन्धित सेवा प्रदायकले नियुक्त गरेको प्रतिनिधि एकजना -सदस्य

(ग) विवादसँग सम्बन्धित निकाय वा उपभोक्ताले नियुक्त गरेको प्रतिनिधि एकजना - सदस्य

(६) उपनियम (५) बमोजिम गठित समितिले विवादको विषयवस्तु उपर अध्ययन गरी विवादका पक्षहरुको भनाई समेत सुनी उपयुक्त निर्णयमा पुग्नेछ ।

(७) उपनियम (६) बमोजिम गरिएको निर्णय विवादका सवै पक्षलाई मान्य र बाध्यात्मक हुनेछ ।

## परिच्छेद-८
## विविध

४४. **विशेष कोषको सञ्चालन**: (१) ऐनको दफा १९ बमोजिमको विशेष कोषमा प्राप्त हुने रकम आयोगले तोकिदिएको नेपाल भित्रको बैंक वा वित्तिय संस्थामा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(२) विशेष कोषको खाता अध्यक्ष वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(३) विशेष कोषमा जम्मा गरेको रकम सेवा प्रदायकबाट प्रदान गरिएको सेवा प्राप्त गर्न असमर्थ उपभोक्तालाई देहाय बमोजिम अनुदान वा सुविधा उपलब्ध गराउन खर्च गर्न सकिनेछः-

(क) सेवा प्रदायकलाई महसुल बुझाई सेवा प्राप्त गर्न असमर्थ उपभोक्ताहरु बसोवास गरेको क्षेत्रमा निःशुल्क रुपमा सार्वजनिक धारा जडान गर्न र त्यसको महसुल भुक्तानी गर्न,

(ख) वार्षिक रुपमा सात हजार पाँचसय रुपैयाँ भन्दा कम आय भएको भनी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस भइ आएका



६३

उपभोक्ताले प्रयोग गर्ने आयोगले निर्धारण गरेको परिमाण बराबरको सेवा वापत लाग्ने महसुल भुक्तानी गर्न,

(ग) आयोगले तोकिदिए बमोजिमका उपभोक्ताले प्रयोग गर्ने सेवाको महसुल भुक्तानी गर्न ।

(४) विशेष कोषमा जम्मा भएको रकमको अवस्थाको आधारमा आयोगले असमर्थ उपभोक्तालाई अनुदान उपलब्ध गराउने निर्णय गर्नेछ ।

४५. **अनुदानको लागि निवेदन दिनुपर्ने:** (१) नियम ४४ को उपनियम (३) बमोजिम अनुदान पाउनसक्ने उपभोक्ताले अनुदानको लागि देहायको विवरण खुलाई आयोग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) निवेदकको नाम, थर, वतन,

(ख) वार्षिक रुपमा हुने आय र सोको सम्बन्धमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले गरिदिएको सिफारिस,

(ग) अनुदान पाउनुपर्ने अन्य आधार भएमा सो व्यहोरा,

(घ) आयोगले तोकिदिए बमोजिमको विवरण ।

(२) असमर्थ उपभोक्ताहरु बसोबास गरेको क्षेत्रमा सार्वजनिक धारा जडानको लागि भएमा त्यस्तो क्षेत्रमा बसोबास गर्ने कम्तीमा दश घर असमर्थ उपभोक्ताले उपनियम (१) बमोजिमको विवरण खुलाई संयुक्त रुपमा आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम पर्न आएको निवेदन उपर आयोगले आवश्यक जाँचबुझ गर्दा निवेदक ऐन तथा यो नियमावली बमोजिम विशेष कोषबाट अनुदान पाउनको लागि योग्य देखिएमा आयोगले विशेष कोषको अवस्था अनुसार उपभोक्ताले प्रयोग गर्ने सेवाको महसुलमा पूर्ण रुपमा वा आंशिक रुपमा अनुदान उपलब्ध गराउन वा निःशुल्क रुपमा सेवाको जडान वा विस्तार गरिदिने गरी निर्णय गर्न सक्नेछ ।

(४) विशेष कोषबाट अनुदान उपलब्ध गराउने अन्य आधार, मापदण्ड तथा कार्यविधि आयोगले तोकिदिए बमोजिम हुनेछ ।

४६. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था:** (१) आयोगको साङ्गठनिक संरचना तथा कर्मचारीको दरबन्दी संख्या आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) आयोगको कर्मचारी प्रशासन सम्बन्धी छुट्टै नियमावली बनी लागू नहुन्जेल सम्मका लागि आयोगको काम संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरु आयोगले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थाबाट काजमा ल्याउन वा करार वा ज्यालादारीमा नियुक्त गर्न सक्नेछ ।

(३) कर्मचारीले आयोगमा हाजिर भई काम गरेको दिनदेखि आयोगले तोकिदिए बमोजिमको तलब, भत्ता एवं सुविधा पाउनेछ ।

(४) आयोगले करारमा नियुक्ति गरेको कर्मचारीको तलब, भत्ता एवं सुविधा सोही करारमा तोकिदिए बमोजिम हुनेछ ।

४७. **आर्थिक प्रशासन सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा २० बमोजिमको आयोगको कोषको खाता अध्यक्ष वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) आयोगको लागि आवश्यक पर्ने मालसामान वा सेवा खरिद गर्ने, निर्माण गर्ने वा मर्मत सुधार गर्ने अधिकार अध्यक्ष वा निजको प्रत्यक्ष नियन्त्रणमा रही अध्यक्षले तोकेको आयोगको कर्मचारीले प्रयोग गर्नेछ ।

(३) आयोगमा रहेको नगद, बैंक मौज्दात, चेक र त्यसको श्रेस्ता, धरौटी र सोको श्रेस्ता लेखाप्रमुखको जिम्मा रहनेछ र जिन्सी मालसामान तथा तत्सम्बन्धी श्रेस्ता आयोगको स्टोर शाखा हेर्ने कर्मचारी वा अध्यक्षले तोकेको कर्मचारीको जिम्मा रहनेछ ।

(४) आयोगलाई प्राप्त रकम आम्दानी बाँध्ने, स्वीकृत बजेट अनुसार खर्च गर्ने र त्यसको लेखा राख्ने वा राख्न लगाउने समेतको सम्पूर्ण उत्तरदायित्व अध्यक्ष तथा लेखा प्रमुखको हुनेछ ।

(५) आयोगले आयोगको कोषमा रहेको रकमलाई नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी विल, ऋणपत्र वा आयोगले उपयुक्त ठानेको कुनै बण्डमा लगानी गर्न सक्नेछ ।

(६) आयोगको छुट्टै आर्थिक प्रशासन सम्बन्धी नियमावली बनी लागू नहुन्जेल सम्मका लागि यस नियममा उल्लेख भए बाहेकका आयोगको आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **विशेषज्ञको सेवा प्राप्त गर्न सक्ने**: (१) आयोगको कुनै काम कारवाहीको क्रममा सम्बन्धित विषयको विशेषज्ञको सेवा आवश्यक भएमा एकपटकमा एक बर्षमा नबढ्ने गरी आयोगले विशेषज्ञको सेवा प्राप्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले सेवामा लगाएको विशेषज्ञको पारिश्रमिक, सुविधा तथा कार्यक्षेत्रगत शर्तहरु आयोगले तोकिदिए बमोजिम हुनेछन् ।

४९. **अधिकार प्रत्यायोजन**: अध्यक्षले यो नियमावली बमोजिम आफूलाई प्राप्त प्रशासनिक अधिकार आवश्यकता अनुसार आयोगको अधिकृत तहको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर मिन्हा दिने, विशेष कोषबाट अनुदान दिने र विवाद समाधान सम्बन्धी अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

५०. **समिति सम्बन्धी व्यवस्था**: (१) ऐनको दफा २३ को उपदफा (१) को उपभोक्ता सेवा सुझावको अतिरिक्त आयोगले आफूले सम्पादन गर्नुपर्ने काम कारवाही सूचारु तथा प्रभावकारी रुपमा सम्पादन गर्न गराउनको लागि सम्बन्धित विषयका विशेषज्ञलाई समावेश गरी समिति गठन गर्न सक्नेछ ।

(२) ऐनको दफा २३ बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तब्य र अधिकार तथा कार्यविधि सो समिति वा उपसमिति गठन गर्दा आयोगले तोकिदिए बमोजिम हुनेछ ।

५१. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: आयोगले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।